आज मिति २०८१।०९।१९ गते शुक्रबारका दिन भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखांचीका नगर प्रमुख एवं नगर सभाका अध्यक्ष श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगरसभाको १६औं अधिवेशन को पहिलो बैठक बसी तपसिल बमोजिमको कार्यसूचीमा छलफल तथा निर्णय गरियो।

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं. प्र.प्र.अ. | भुमिकास्थान नगरपालिका | |
| ४. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष | भु.न.पा, वडा नं. १ | |
| ५. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष | भु.न.पा, वडा नं. २ | |
| ६. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ३ | |
| ७. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ४ | |
| ८. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ५ | |
| ९. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ६ | |
| १०. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ७ | |
| ११. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ८ | |
| १२. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष | भु.न.पा, वडा नं. ९ | |
| १३. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष | भु.न.पा, वडा नं. १० | |
| १४. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | चमकली सार्की | वडा सदस्य | भु.न.पा, वडा नं. १ | |
| २३. | गोपाल बहादुर नेपाली | वडा सदस्य | भु.न.पा, वडा नं. १ | |
| २४. | मेघराज खनाल | वडा सदस्य | भु.न.पा, वडा नं. १ | |
| २५. | नारायण प्रसाद खनाल | वडा सदस्य | भु.न.पा, वडा नं. २ | |
| २६. | द्रोण प्रसाद बेल्वासे | वडा सदस्य | भु.न.पा, वडा नं. २ | |
| २७. | राधिका पौडेल | वडा सदस्य | भु.न.पा, वडा नं. ३ | |
| २८. | डासुराम भुसाल | वडा सदस्य | भु.न.पा, वडा नं. ३ | |
| २९. | हुम बहादुर सुनार | वडा सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ३०. | कमला खत्री | वडा सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ३१. | भुमा परियार | वडा सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ३२. | विजय सुनार | वडा सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ३३. | पुष्कर भुसाल | वडा सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ३४. | रीता राना | वडा सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ३५. | पवित्रा वि.क. | वडा सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ३६. | जीवलला बन्जाडे | वडा सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ३७. | भवानी बहादुर घर्ती | वडा सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ३८. | वसन्ता नेपाली | वडा सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ३९. | चिन्ता बहादुर वस्नेत | वडा सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ४०. | सूर्य बहादुर घर्ति मगर | वडा सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ४१. | लक्ष्मी रायमाझी | वडा सदस्य | भु.न.पा, वडा नं. ७ | |
| ४२. | दामकला सुनार | वडा सदस्य | भु.न.पा, वडा नं. ७ | |
| ४३. | मेग बहादुर थापा मगर | वडा सदस्य | भु.न.पा, वडा नं. ७ | |
| ४४. | खुम बहादुर वली क्षेत्री | वडा सदस्य | भु.न.पा, वडा नं. ७ | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| ४५. | मनकला पाण्डे क्षेत्री | वडा सदस्य | भु.न.पा, वडा नं. ८ | मनकला |
| ४६. | माया सुनार | वडा सदस्य | भु.न.पा, वडा नं. ८ | माया |
| ४७. | दधीराम गैरे | वडा सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ४८. | कल्पना भट्टराई | वडा सदस्य | भु.न.पा, वडा नं. ९ | Kalpana |
| ४९. | कमला परियार | वडा सदस्य | भु.न.पा, वडा नं. ९ | कमला |
| ५०. | सुरत बहादुर सोमै | वडा सदस्य | भु.न.पा, वडा नं. ९ | |
| ५१. | बाबुराम गैरे | वडा सदस्य | भु.न.पा, वडा नं. ९ | |
| ५२. | गंगा रेश्मी | वडा सदस्य | भु.न.पा, वडा नं. १० | गंगा |
| ५३. | सुशिला नेपाली | वडा सदस्य | भु.न.पा, वडा नं. १० | सुशिला |
| ५४. | जनकलाल गैरे | वडा सदस्य | भु.न.पा, वडा नं. १० | |
| ५५. | टामलाल भट्टराई | वडा सदस्य | भु.न.पा, वडा नं. १० | |

CamScanner

## नगरसभाको १६औं अधिवेशनका निर्णयहरु

१. भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको प्रगतिको अवस्थाको सम्बन्धमा सभामा छलफल भई नगरसभामा उठेका प्रश्न तथा सुझाव ग्रहण गर्न नगर सभाले नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन भएको ।

२. नगरसभाको पन्ध्रौ अधिवेशन पश्चात हालसम्म नगर कार्यपालिकाले नगरसभामा अनुमोदन तथा स्वीकृतिको लागि पेश गरेका निर्णयहरु तथा अन्य विविध निर्णयहरु नगरसभाबाट सर्वसम्मत स्वीकृत भएको ।

३. भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट तथा कार्यक्रमको साथै संशोधित योजना तथा कार्यक्रम नगरसभाबाट सर्वसम्मत पारित भएको ।

४. भूमिकास्थान नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा हालसम्म ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीहरु, सरसफाईकर्मी, भान्से र हलुका सवारी चालकलाई करारमा नियुक्त गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गर्ने ।

५. वेरुजु फछ्यौंट सम्वन्धि विषयमा छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट औंल्याएका भूमिकास्थान नगरपालिकाको कार्यालयका नियमित गर्नुपर्ने हालसम्मका वेरुजूहरुको सन्दर्भमा भूमिकास्थान नगरपालिकाको लेखा समितिको मिति २०८१/०९/११ गते बसेको बैंठकबाट बेरुजू फछ्यौंटका लागि निर्णय भै कार्यपालिका बैंठकको मिति २०८१/०९/१६ गतेको बैठकको निर्णयबाट समेत नियमित गर्नुपर्ने तपसिल बमोजिमका बेरुजूहरु फछ्यौंटको लागि पेश भएकोले उल्लेखित वेरुजूको सन्दर्भमा दफावार छलफल भएकोमा तपसिल बमोजिमका बेरुजूहरु फछ्यौंट गर्ने निर्णय गरियो ।

तपसिल

आ.ब. २०७५/०७६

| सि. नं. | आ.ब. | वेरूजु दफा नं. | वेरूजुको सक्षिप्त ब्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७५/०७६ | २० | बार्षिक नगर विकास योजना आ.ब.२०७५/०७६ को नगर योजना तथा कार्यक्रमको सि.नं.३० र ३१ मा क्रमस: विद्युत पोल खरिद गैर सामुदायिक शीर्षकमा रु.६०,००,०००।- र विद्युत पोल खरिद सामुदायिक शीर्षकमा रु.४०,००,०००।- छुट्टाछुट्टै बिनियोजन भई छुट्टाछुट्टै टेण्डर प्रक्रियाबाट विद्युत पोल खरिद गर्दा शुरु चरणको टेण्डरमा ब्यापक प्रतिष्पर्धा हुँदा सप्लायर्सले कबोल गरेको अङ्क फरक पर्न गएको तर उक्त कार्यको लागि सिधै खरिद नगरी सार्वजनिक खरिद ऐन र नियमावलीले ब्यवस्था गरे बमोजिम प्रतिष्पर्धाको माध्यमबाट विद्युत पोल खरिद गरेको । | | | ✓ | | २३८४७४९ |
| २. | २०७५/०७६ | ३७ | आवश्यक कागजात : उक्त बेरुजुका सन्दर्भमा खाना तथा खाजाका बिल तथा भरपाईका आधारमा मात्र भक्तानी भएकोले एकपटकका लागि नगरसभाबाट नियमित गरी आगामी दिनहरुमा यस्ता गतिबिधिका भुक्तानीहरु नियमानुसार सम्झौता गरी पेश भएका | | | ✓ | | १००००० |

आ.ब. २०७६/०७७

| सि. नं. | आ.ब. | वेरूजु दफा नं. | वेरूजुको सक्षिप्त ब्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण हुने वेरूजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७६/०७७ | ८ | विभिन्न नगरसभा तथा नगर कार्यपालिकाको बैठकबाट करारमा कर्मचारी ब्यबस्थापनका लागि निर्णय भएको । नगरपालिकामा करारमा कर्मचारी ब्यबस्थापन सम्वन्धी कार्यविधि समेत निर्माण भई प्रयोगमा रहेको । | | | ✓ | | ५०४३५३० |
| २. | २०७६/०७७ | ९ | वास्तविक खर्च रकम रु. १९६८९१६ को प्रमाणित हाजिरी र सूचक संलग्न रहेको । | | | ✓ | | १९६८९१६ |
| ३. | २०७६/०७७ | ५७ | उल्लेखित निर्माण कार्यको हकमा सडक पूर्वाधार विकास कार्यालय अ.खा.ले Recurrent Maintgenance अन्तर्गत उक्त काम सुरु हुनुभन्दा ४ महिना अगाडी मात्र सव बेसको काम सम्पन्न गरेकोले ०.१५ मी. मौटाइमा सब बेस गर्दा अनावश्यक ब्ययभार बढ्ने भएकोले ०.०८ मी. मोटाइमा गरिएको । | | | ✓ | | ६४७२१२।५ |

# आ.ब. २०७७/०७८

| सि. नं. | आ.ब. | बेरूजु दफा नं. | बेरूजुको संक्षिप्त ब्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण हुने बेरूजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७७/०७८ | ८ | विभिन्न नगरसभा तथा नगर कार्यपालिकाको बैठकबाट करारमा कर्मचारी ब्यबस्थापनका लागि निर्णय भएको । नगरपालिकामा करारमा कर्मचारी ब्यबस्थापन सम्बन्धी कार्यविधि समेत निर्माण भई प्रयोगमा रहेको, मलेप प्रतिवेदनमा संघीय सशर्त तर्फका कर्मचारीहरुको पारिश्रमिक समेत बेरुजु उल्लेख भई आएकोले सो को नियमित गरी फछ्र्यौट गर्ने । | | | ✓ | | ८११०६५८\|०० |
| २. | २०७७/०७८ | ४७ | नमुना विद्यालय तर्फ : जनजागृती माध्यमिक विद्यालय धनचौरलाई निकासा उपलब्ध गराए बापतको मलेप प्रतिवेदनले औल्याए बमोजिमको बेरुजु रकम रु.७५०००००।- एकपटकको लागि अनुमोदन गरी पुन: यस्ता प्रकारका भुक्तानी नियमानुसार नै उपलब्ध गराउनेगरी हुने ब्यवस्था मिलाउने र हाललाई उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्ने । | | | ✓ | | ७५०००००\|०० |
| ३. | २०७७/०७८ | ६३ | निजी स्रोतका शिक्षकको तलब भत्ता तर्फ : नगरपालिका भित्रका विभिन्न विद्यालयहरुमा कार्यरत निजी स्रोत तर्फका शिक्षकहरुलाई तलब भत्ता बापत उपलब्ध गराए बापतको मलेप प्रतिवेदनले औल्याए बमोजिमको बेरुजु रकम रु.६४६५००४।- कार्यालयले कार्यविधि निर्माण गरी आन्तरिक राजश्व तर्फको राजश्व बाँडाफाँडबाट प्राप्त रकमबाट उक्त भुक्तानी उपलब्ध गराईएकोले नियमानुसार भएको भुक्तानी नियमित गरी फछ्र्यौट गर्ने । | | | ✓ | | ६४६५००४\|०० |
| ४. | २०७७/०७८ | ७८.३ | कार्यालयले कृषि कार्यक्रम तर्फ नगरपालिका भित्रका विभिन्न वडाहरुमा रहेका कृषकहरुलाई उपलब्ध गराएको प्लाष्टिक टनेल लगत खडा नगरी उपलब्ध गराएको भनि मलेप प्रतिवेदनले औल्याए बमोजिमको बेरुजु रकम रु.२१३४७४।- एकपटकको लागि अनुमोदन गरी पुन: यस्ता प्रकारका सामग्री उपलब्ध गराउँदा लगत खडा गरी गर्ने ब्यवस्था मिलाउने र हाललाई उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्ने । | | | ✓ | | २१३४७४/- |
| ५. | २०७७/०७८ | ८४ | कार्यालयबाट जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीलाई Waiting Hall र Control Room Construction का लागि नगद रकम रु.१०००००।- नगर कार्यपालिकाको बैठकबाट निर्णय भई उपलब्ध गराएकोमा उक्त रकम उपलब्ध गराउँदा सम्झौता, प्राबिधिक नापजाँच, | | | ✓ | | १०००००/- |

| सि. नं. | आ.ब. | वेरूजु दफा नं. | वेरूजुको सक्षिप्त ब्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण हुने बेरूजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| | | | कार्य सम्पन्न प्रतिवेदन बेगर सोझै भुक्तानी गरेको भनि मलेप प्रतिवेदनले औल्याए बमोजिमको बेरुजु रकम रु.१०००००।- एकपटकको लागि अनुमोदन गरी पुन: यस्ता प्रकारका रकम उपलब्ध गराउँदा सम्झौता, प्राबिधिक नापजाँच, कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाउने र हाललाई उक्त बेरुजु नियमित गरी फछ्यौंट गर्ने । | | | | | |

## आ.ब. २०७८/०७९

| सि. नं. | आ.ब. | वेरूजु दफा नं. | वेरूजुको सक्षिप्त ब्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण हुने बेरूजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७८/०७९ | ३४ | उपभोक्ता समितिले आफुले प्राप्त गरेको कार्य आफैले सम्पन्न गर्नुपर्नेमा समितिले निर्माण ब्यवसायी मार्फत कार्य गराएको देखिंदा मलेप प्रतिवेदनले औल्याएको बेरुजु रकम रु.५४८६३००।- बेरुजु उल्लेख भई आएकोले सो को नियमित गरी फछ्यौंट गर्ने । | | | ✓ | | ५४८६३००/- |
| २. | २०७८/०७९ | ३६.४ | सरकारी भवन निर्माणको कार्यलाई निर्माण ब्यबसायिबाट गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत निर्माण गराई भुक्तानी दिएको भनि मलेप प्रतिवेदनले औल्याएको बेरुजु रकम रु.३६१५६५।५१ बेरुजु उल्लेख भई आएकोले सो को नियमित गरी फछ्यौंट गर्ने । | | | ✓ | | ३६१५६५।५१ |

CS CamScanner

आ.ब. २०७९/०८०

| सि. नं. | आ.ब. | बेरुजु दफा नं. | बेरुजुको संक्षिप्त ब्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण हुने बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७९/०८० | २६ | करार कर्मचारी तर्फ पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैचा लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने ब्यवस्था भएकोमा नगरपालिकाबाट विभिन्न करार नियुक्ति गरी तलब भुक्तानी गरेको मलेप प्रतिवेदनबाट अनियमित देखिएकोले नियमित गरी फछ्र्यौट गर्ने | | | ✓ | | २३८९७२६ |
| २. | २०७९/०८० | ३९ | निजि शिक्षकको तलब भत्ता आन्तरिक स्रोत न्यून भएको अवस्थामा पालिकाले निजि स्रोत तर्फका शिक्षकको तलब भत्ता राजस्व बाँडफाँडबाट उपलब्ध गराएको मलेप प्रतिवेदनबाट अनियमित देखिएकोले नियमित गरी फछ्र्यौट गर्ने | | | ✓ | | ४९२५६०० |
| ३. | २०७९/०८० | ४१ | नाफा मूलक संस्थालाई अनुदान : नाफा मूल्क संस्था झरना कृषि सहकारी संस्था, महाभारत कृषि सहकारी संस्था, गंगा जमुना महिला कृषि सहकारी संस्था, जनहित वचत तथा ऋण सहकारी संस्थालाई भौतिक पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापनका लागि नगद अनुदान उपलब्ध गराएको मलेप प्रतिवेदनबाट अनियभित देखिएकोले नियमित गरी फछ्र्यौट गर्ने | | | ✓ | | २२५०००० |
| ४. | २०७९/०८० | ४२ | उपभोक्ता समितिले निर्माण व्यबसायी मार्फत काम गराएको : उपभोक्ता समितिले सम्झौता गरी प्राप्त गरेको कार्यमा निर्माण व्यबसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको मलेप प्रतिवेदनबाट अनियमित देखिएकोले नियमित गरी फछ्र्यौट गर्ने | | | ✓ | | १८८५००० |

CamScanner

# अनुसुची १

## भूमिकास्थान नगरपालिका
## नगर सभाको सचिवालय

अर्घाखाँची जिल्ला, लुम्बिनी प्रदेश नेपाल

प.सं.: २०८१ ०८२
च.नं.:

# नगरसभाको १६औं अधिवेशन

### कार्य सूची र समयतालिका

बैठक संख्या : १
वैठकस्थान : नगरपालिका सभा भवन
अध्यक्षता : नगरप्रमुख झविलाल थापा

मिति : २०८१/०९/१९ गते

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुत कर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०९/१९ | बिहान ११.०० बजे | नगरसभाको १६औं अधिवेशनको उपस्थिति | | १५ मीनेट |
| " " | बिहान ११.१५ बजे | नगरसभाको १६औं अधिवेशनका सहभागिहरुलाई नगरसभा सञ्चालन कार्यविधिको सन्दर्भमा पुनःस्मरण | प्रमुख प्रशासकीय अधिकृत | ५ मीनेट |
| " " | बिहान ११.२० बजे | नगरसभाको १६औं अधिवेशनमा नगर प्रमुख ज्यूको आगमनसँगै राष्ट्रिय धुनबाट कार्यक्रम प्रारम्भ | सबैबाट | ५ मीनेट |
| " " | बिहान ११.२५ बजे | सभा सञ्चालन शहिदहरु प्रति १ मीनेट मौनधारण | सबैबाट | १ मीनेट |
| | बिहान ११.२६ बजे | नगरसभाको १६औं अधिवेशनको पानसमा दिप प्रज्वलन गरी उद्‌घाटन | नगर प्रमुखबाट | २ मीनेट |
| " " | बिहान ११.२८ बजे | चालु आ.व. २०८१/०८२ को हालसम्मको प्रगति प्रस्तुती, छलफल तथा सुझाव ग्रहण | प्रमुख प्रशासकीय अधिकृत | ३० मीनेट |
| " " | बिहान ११.५८ बजे | आ.व.२०८१/०८२ को हालसम्म नगर कार्यपालिकाबाट भएका निर्णयहरुको प्रस्तुती, छलफल र अनुमोदन | प्रमुख प्रशासकीय अधिकृत | ३० मीनेट |
| " " | दिनको १२.२८ बजे | आ.व.२०८१/०८२ को संशोधित बजेट, कार्यक्रम र आय व्यय सम्बन्धमा छलफल र पारित | नगर उपप्रमुख | ५० मीनेट |
| २०८१/०९/१९ | दिनको १.१८ | समापन | नगर प्रमुखबाट | |

# अनुसुची २

## सभा संचालन विवरण
## र
## स्वीकृत निर्णयहरु

## चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको प्रगति प्रस्तुति तथा सुझाव ग्रहण

१.१ भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना कार्यान्वयन तथा समग्र पक्षहरुको बारेमा सभालाई जानकारी दिन नगरसभाका सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री जग्दिश चन्द्र नेपालीलाई अनुमति प्रदान गर्दछु ।

१.२. नगरसभाका सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री जग्दिश चन्द्र नेपालीले नगरसभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना कार्यान्वयन सम्बन्धमा छलफल तथा सुझावका लागि समय प्रदान गर्दछु ।

१.३ भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना कार्यान्वयनको अवस्था सम्बन्धमा सभामा छलफल भयो । नगरसभामा उठेका प्रश्न तथा सुझाव ग्रहण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

## भूमिकास्थान नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन पश्चात कार्यपालिका बैंठकबाट भएका निर्णयहरुको सारांश प्रस्तुति

१. अव म भूमिकास्थान नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन पश्चात हालसम्म कार्यपालिका बैंठकबाट भएका निर्णयहरु प्रस्तुत गर्न नगरसभाका सचिव श्री जग्दिश चन्द्र नेपालीलाई समय प्रदान गर्दछु ।

२. अव म भूमिकास्थान नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन पश्चात हालसम्म कार्यपालिका बैंठकबाट भएका निर्णयहरु उपर छलफल प्रारम्भ भएको घोषणा गर्दछु र छलफलमा भाग लिने सदस्यज्यूहरुलाई क्रमश : छलफलको लागि समय उपलब्ध गराउदछु ।

३. अव म भूमिकास्थान नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन पश्चात हालसम्म कार्यपालिका बैंठकबाट भएका निर्णयहरुका विषयमा आएका सुझावहरु ग्रहण गर्न निर्देशन दिन्छु ।

## भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट प्रस्तुति तथा पारित

१. अव म भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट तथा कार्यक्रम लाई नगरसभामा प्रस्तुत गर्न नगर उपप्रमुख बालकृष्ण बन्जाडेलाई अनुमति दिन्छु ।

२. अव म भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट तथा कार्यक्रम उपर छलफल प्रारम्भ भएको घोषणा गर्दछु र छलफलमा भाग लिने सदस्यज्यूहरुलाई क्रमश : छलफलको लागि समय उपलब्ध गराउंदछु ।

३. अव म भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट तथा कार्यक्रम नगरसभामा स्वीकृतिको लागि निर्णयार्थ पेश गर्दछु ।

- यस प्रस्तावको पक्षमा हुने सदस्य ज्यूहरुले हुन्छ भन्नु होला र विपक्षमा हुने सदस्य ज्यूहरुले हुन्न भन्नु होला ।
- सर्वप्रथम यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस ।
- यस प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस ।

४. प्रस्तावको पक्षमा हुन्छ भन्ने ध्वनीमा सर्वसम्मत/बहुमत भएकोले भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संशोधित प्रस्तावित बजेट तथा कार्यक्रम सर्वसम्मत पारित भएको घोषणा गर्दछु ।

CamScanner

# अनुसुची ३

## हालसम्मको प्रगति विवरण

**नगरसभाका अध्यक्षज्यू तथा नगरसभाका सदस्यज्यूहरु**

भूमिकास्थान नगरपालिकाको यस गरिमामय नगरसभाको १६औं अधिवेशनमा आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको हालसम्मको प्रगती विवरण पेश गर्न अनुमति प्रदान गर्नु भएकोमा सभाका अध्यक्षज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

आर्थिक बर्ष २०८१/०८२ को लागि नगरसभाको १५औं अधिवेशनबाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयन चरणमा रहेको छ । जसको प्रगति विवरण निम्नानुसार रहेको छ ।

**क) भौतिक पूर्वाधारतर्फ**

भौतिक पूर्वाधार तर्फ योजना तथा कार्यक्रमको हाल सम्मको प्रगति सन्तोषप्रद रहेको छ । नगरसभाको १५औं अधिवेशनबाट सशर्त र निशर्त तर्फका स्वीकृत जम्मा १४७ वटा योजना मध्ये हालसम्म ६४ वटा योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरी सम्झौता सम्पन्न भएका र २६ वटा ठेक्का सम्झौताको प्रक्रीयामा रहेका छन् । बांकी ५७ वटा योजनाहरुको लागत अनुमान तयारी र सम्झौताको चरणमा रहेको अवस्था छ । १ वटा बहुवर्षिय प्रदेश समपूरक आयोजना तर्फको ठेक्का सम्झौता भैसकेको छ । संघीय समपूरक अन्तर्गतको १ वटा आयोजनाको कार्य भैरहेको छ । यसरी भौतिक पूर्वाधार तर्फको हालसम्मको वित्तीय प्रगति ७ प्रतिशत भएको छ ।

**ख) आर्थिक बिकास**

आर्थिक बर्ष २०८०/८१ देखि आर्थिक विकास तर्फ निरन्तररुपमा अघि बढेको नगरपालिकाको महत्वपूर्ण र महत्वकांक्षी कार्यक्रम अर्थात कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम आर्थिक बर्ष २०८१/०८२ मा पनि उत्साहित ढंगबाट अगाडी बढेको महशुस भएको छ । चालु आर्थिक बर्ष २०८१/०८२ मा भूमिकास्थान नगरपालिकाको वडा नं.२ को खाकाबेशीमा बासमती धान, वडा नं.५ को बाँझापाटामा अकवरी खुर्सानी, वडा नं.७ को डुम्रिचौर र वडा नं.९ को सानोडेभामा मकैको बिउ उत्पादन भई बाली भित्र्याउने कार्य समेत सम्पन्न भएको छ । यसबाट नगरपालिकाको आन्तरिक आयबृद्धिमा टेवा पुगेको छ । नगरपालिका भित्रका बाँझो जग्गाहरु थप गरी चालु आर्थिक बर्ष २०८१/८२ मा करिब १८० रोपनी जग्गामा प्याज लगायतका विभिन्न नगदे बालीहरु उत्पादन गर्ने गरी नगरपालिका अघि बढिरहेको छ । त्यसका लागि प्याजको विऊबाट वेर्ना उत्पादनको कार्य भै रहेको छ भने वडा नं. ७ को डुम्रीचौरमा तोरिको बिउ उत्पादनको कार्य भैरहेको छ । यसैगरी गतबर्ष जस्तै यसबर्ष पनि नगरका विभिन्न २० स्थानहरुमा थाकलको पात र मकैको पोस्करबाट झोला तथा टोपी तैयारी गर्नेगरी कार्यक्रमलाई अझ बढि फराकिलो ढङ्गले अघि बढाइएको छ । विकास निर्माणका अन्य योजनाहरुमा आशालितरुपमा सूचीकृत बेरोजगारहरुलाई परिचालन गर्न सकिएको अवस्था नरहेता पनि समिति गठनमा यसलाई जोड दिने विषयमा निरन्तर छलफल चलिरहेकै छ । तरकारी पकेट तथा मौरी पकेटका निरन्तर कार्यक्रमहरुको सम्झौताको कार्य अगाडी बढि रहेको छ । नश्ल सुधारको लागि कृत्रिम गर्भाधानको अभियान संचालन भएको छ । फर्म दर्ता, फर्म नविकरण, पूंजी वृद्धि र खारेजीका कार्य हुनुको साथै बजार अनुगमनका कार्य गर्ने र नयां उद्यमी सृजना गर्ने कार्य अगाडि बढि रहेको अवस्था छ । यसरी आर्थिक विकास तर्फ चालु आर्थिक बर्ष २०८१/०८२ को हालसम्म कुल वित्तीय प्रगति जम्मा १० प्रतिशत भएको छ ।

**ग) सामाजिक बिकास**

सामाजिक विकासको शिक्षा तर्फ शिक्षाको गुणस्तर सुधारको लागि नगरपालिकाका सम्पूर्ण विद्यालयहरुमा नगर तहबाट अनुगन गरि पृष्ठपोषण दिने कार्य अगाडि बढाईएको छ । यसका साथै परिक्षा व्यवस्थापनको कार्य अगाडि बढाईएको छ । यसै गरी स्वास्थ्य तर्फ औषधी खरिदको लागि ठेक्का बन्दोबस्तको प्रकृया अघि बढि सकेको छ । नगरभित्रका वालवालिकाहरुको मुटुरोग सम्बन्धी स्कृनिङ्गको कार्य भैरहेको छ भने आमा सुरक्षा उत्प्रेरण कार्यक्रम, भिटामिन ए कार्यक्रमका साथै विभिन्न दिवसीय कार्यक्रमहरु लगायत स्वास्थ्य क्षेत्रको वार्षिक समिक्षाको कार्य भै सकेको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरणको कार्य सम्पन्न भएको छ भने लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन । प्रधानमन्त्री रोजगार तर्फका आयोजना छनौट गर्ने तथा लागत अनुमान तयार गर्ने कार्य संगसंगै अगाडी बढिरहेकोछ । टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि संशोधन गरी टोल विकास संस्थाहरुको पुनर्गठन प्रकृया अघि बढिरहेको छ । यसरी सामाजिक विकास तर्फ कुल वित्तीय प्रगति ३६ प्रतिशत रहेको छ ।

**घ) सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

यस आर्थिक बर्ष २०८१/०८२ को हालसम्म एउटा सामाजिक परिक्षणको कार्य सम्पन्न भएको छ भने प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एकजना रोजगार प्राविधिकको नियुक्तीको [illegible] भएको छ । रिक्त विद्यालय नर्सको पदपूर्तिको कार्य अगाडि बढाइएको छ । सबै

CamScanner

कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको कार्य भै सकेको छ भने सबै कर्मचारी तथा जनप्रतिनिधीहरुबाट सम्पत्ति विवरण बुझाउने कार्य भै सकेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट संचालित मनसुनजन्य विपद्बाट प्रभावित निजी आवास पुर्नर्निर्माण तथा पुनर्स्थापना प्रयोजनको लागि प्राविधक अनुगमन/सर्भे भै लगत संकलन गरी समावेश भएका विपद् प्रभावित परिवारको निजी आवास पुर्नर्निर्माणका लागि विपद् प्रभावित लाभग्राहीलाई राहातको सिफारिश गरि पठाउने कार्य भएको ।

यसरी सु-शासन तथा अन्तर सम्बन्धित क्षेत्रको कुल वित्तीय प्रगति ७ प्रतिशत रहेको छ ।

समग्रमा नगरको हालसम्मको वित्तिय प्रगति विवरण यस प्रकार रहेकोछ ।

## आ.व. २०८१/०८२ को हालसम्मको वित्तीय प्रगति विवरण

| क्र. सं. | विवरण | जम्मा विनियोजन | जम्मा खर्च | जम्मा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ४८ करोड ४७ लाख १२ हजार | १६ करोड ५५ लाख ६६ हजार ८५० | ३४।१५ |
| २ | पूंजीगत | १८ करोड ४१ लाख २५ हजार | १ करोड २४ लाख ९० हजार ३३४ | ६।५ |
| जम्मा | | ६६ करोड ८८ लाख ३७ हजार | १७ करोड ८० लाख ५७ हजार १८४ | २६।६२ |

# अनुसुची ४

## नगरसभाको पन्धौ अधिवेशन पश्चात हालसम्म नगर कार्यपालिको बैठकबाट भएका मुख्य निर्णयहरु

१. आ.व. २०८१/०८२ को लागि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गठित अर्घाखाँची जिल्लाका जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी तयार गरिएको भुमिकास्थान नगरपालिकाको आ.व. २०८१/०८२ को नगर दररेटलाई स्वीकृत गर्ने निर्णय भएको ।

२. भूमिकास्थान नगरपालिकाकाको लागि आवश्यक पर्ने विभिन्न औषधीहरुको नगर दररेट सम्बन्धी विषयमा छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को लागि भूमिकास्थान नगरपालिकाको स्वीकृत दररेटलाई नै आर्थिक वर्ष २०८१/०८२ को लागि कायम हुने गरी स्वीकृत गर्ने निर्णय भएको ।

३ आर्थिक वर्ष २०८०/०८१ मा भूमिकास्थान नगरपालिकाबाट संचालित विभिन्न योजना तथा कार्यक्रमको मिति २०८१ श्रावण ०७ गते सम्पन्न गरीएको प्रगति समिक्षा कार्यक्रमबाट प्राप्त तपसिलका मुख्य सुझावहरुलाई सुधार गर्दै लैजाने निर्णय भएको ।

तपसिल

१. योजना तथा कार्यक्रमहरुको समयमै कार्यसम्पन्न गरी जेष्ठ मसान्त भित्र भुक्तानीको कार्य सम्पन्न गर्ने ।
२. व्यवसाय कर लगायतका करहरु मार्फत राजश्व संकलनको कार्यलाई प्रभावकारी बनाउनु पर्ने ।
३. विपद् पूर्वतयारीको सन्दर्भमा नगरपालिकाको विशेष ध्यान पुग्नुपर्ने ।
४. टोल विकास संस्थालाई सक्रिय बनाई सेवा प्रवाह थप प्रभावकारी बनाउनु पर्ने ।
५. विद्यालय लक्षित स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्दा उपयुक्त हुने ।

४. भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि कर्मशील ज्ञानशक्ति रोजगार आयआर्जन कार्यविधी, २०८० को अधिनमा रहि बाँझोजग्गा व्यवस्थापनको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय भएको ।

५. भूमिकास्थान नगरपालिकाका विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीहरु उत्खनन तथा संकलन कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक हुने दुर्वाङ तथा खाकावेशी खोला

क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणको सम्पूर्ण प्रक्रिया तत्काल अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय भएको ।

६. भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन २०८१ को अधिनमा रही तपसिल बमोजिम आय ठेक्काको लागि निम्नानुसारको न्यूनतम मूल्यको आधारमा सूचना प्रकाशन गर्न कार्यलाई निर्देशन दिने निर्णय भएको ।

तपसिल

१. कबाडी निकासी : आर्थिक ऐनमा तोकीएको न्यूनतम मूल्य ५५,०००।
२. नगरभित्र उत्पादन भै निकासी हुने जीवजन्तु, फलफूल तरकारी जडीबुटी लगायतका वस्तु निकासी : न्यूनत मूल्य रु. ७५,०००।

७. नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको उद्यमशीलता तालिमको लागि आवश्यक कच्चा पदार्थ मकैको पोस्कर र थाकलको पातको संकलन गर्ने कार्यमा कर्मशील जनशक्तिलाई परिचालन गरी अगाडी बढाउने कार्य गर्ने र थप तालिम प्रदान गर्नको लागि प्रति वडा ६० जना व्यक्तिहरुलाई छनौट गर्ने कार्य सम्बन्धित वडाहरुले तत्काल अगाडी बढाउने भएको ।

८. भूमिकास्थान नगरपालिकाबाट ठेक्का वन्दोस्त गर्ने गरी कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको ठेक्का वन्दोवस्त गर्दा स्वीकृत विनियोजित बजेट भन्दा बढिमा थप २० प्रतिशतसम्म बढि लागत अनुमान तयार गरी ठेक्का वन्दोवस्त गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने र ठेक्का वन्दोवस्तमा हुने प्रतिस्पर्धाबाट कम हुन आउने रकम विनियोजित रकमभन्दा बढी हुन नआएमा सोही विनियोजनबाट भुक्तानी गर्ने र विनियोजित रकमभन्दा बढि हुन आएमा अपुग रकम यकिन गरी बजेट सुनिश्चितताको लागि सोह्रौ नगरसभामा सिफारिश गर्ने भएको ।

९. भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत कर्मशील जनशक्ति मार्फत उत्पादित विभिन्न कृषिजन्य उत्पादन मध्ये तत्काल उत्पादन भएको अकवरे खुर्सानीको विक्री मूल्य प्रति के.जीं रु. १२० कायम गर्ने निर्णय भएको ।

१०. भूमिकास्थान नगरपालिका भित्र रहेका एच आईभि संकमितहरुलाई पोषण सहयोग उपलब्ध गराउने प्रयोजनको लागि अर्घाखांची जिल्लामा सोही क्षेत्रमा काम गरिरहेको सन्देश सहयोग समूह मार्फत उक्त सेवा उपलब्ध गराउने उक्त संस्थालाई रु. ५०,०००। रकम विविध शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने भएको ।

११. शिक्षक सरुवा सम्बन्धमा छलफल गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त शिक्षक सरुवा सम्बन्धी निर्देशिकामा जिल्ला भित्रबाट मात्र शिक्षक सरुवा हुने व्यवस्था नभएको र हाल नगरपालिका भित्रका माध्यमिक र निम्न माध्यमिक तहका विद्यालयहरुमा अति आवश्यक विषयगत तथा अन्य प्राथमिक तहमा शिक्षक पूर्ती हुन नसक्दा नगर भित्रका विद्यालयहरुमा रिक्त शिक्षक दरवन्दिहरु स्थायी पदपूर्तीका लागि शिक्षक सेवा आयोगमा माग समेत भई सकेको र जिल्लान्तर सरुवा भै आउन नमिल्ने भएकोले शिक्षकको अभावमा पठन पाठनमा समेत समस्या सृजना भएको हुंदा जिल्ला भित्रबाट सम्वन्धित तह र विषयगत शिक्षकहरु सरुवा भई आउनको लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय भएको ।

१२. भूमिकास्थान नगरपालिकाको नागरिक बजेट निर्देशिका २०८१ स्वीकृत गर्ने निर्णय भएको ।

१३. भूमिकास्थान नगरपालिकाको लेखा समिति कार्य संचालन मानक २०८१ र आन्तरिक लेखापरीक्षक आचारसंहिता २०८१ स्वीकृत गर्ने निर्णय भएको ।

१४. प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको भूमिकास्थान नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण कार्यदल गठन भएको ।

१५. भूमिकास्थान नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण कार्यदलको कार्य सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय भएको ।

१६. नवप्रवर्द्धन कार्यक्रमको लागि बांझोजग्गा व्यवस्थापनको लागि सबै वडाले उपयुक्त जग्गाको छनौटको लागि निवेदन संकलन गर्ने निर्णय भएको ।

१७. अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा कार्यसम्पन्न भै मूल्यांकन समेत भएका तर भूलवस भुक्तानी छुट भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी अघिल्लो वर्षको वचत बजेटबाट भुक्तानी गर्ने निर्णय भएको ।

१८. भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत कर्मशील जनशक्तिमार्फत बांझोजग्गा उपयोग गरी उत्पादन गरेको मकै, पोस्कर , धान र परालको मूल्य तपसिल वमोजिम निर्धारण गरी कर्मशील जनशक्तिहरु मार्फत विक्री वितरण गर्ने निर्णय भएको ।

तपसिल

| क्र.सं. | उत्पादित वस्तुको नाम | तोकीएको विक्री मूल्य रु . |
|---|---|---|
| १ | धान( बास्मति) प्रति के.जी. | ४५ |

| | | |
|---|---|---|
| २ | धानको पराल (प्रति भारी) | २०० |
| ३ | मकैको पोस्कर | हस्तकलालाई प्रयोग हुने बाहेकको पोस्कर श्रीकृष्ण गौशालालाई उपलब्ध गराउने |
| ४ | मकैको विउ (रामपूर कम्पोजिट, मनकामना ३) | मूल्य निर्धारण हुन बाँकी |
| | मकै (खायन) ग्रेड १ (प्रति के.जी.) | ४० |
| | मकै (खायन) ग्रेड २ | २५ |

१९. भूमिकास्थान नगरपालिका वडा नं. ५ र ६ को सिमाना उदयठाटीमा मिति २०८१ साल कार्तिक १९ गतेका दिन तिहारको अवसरमा भैली खेली रहेको अवस्थामा अकस्मात वसले ठक्कर दिई दुर्घटना हुंदा भूमिकास्थान नगरपालिका वडा नं. १ की रुमकला खनाल र यस कार्यालयको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक श्री तारा श्रेष्ठको निधन प्रति समवेदना प्रकट गर्दै उक्त घटनामा परी घाईते हुने यस कार्यालयको एम आई एस अपरेटर गिता भाट क्षेत्री लगायतका सम्पूर्ण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरीएको साथै उक्त घटनाको सन्दर्भमा मिति २०८१ कार्तिक २१ गते कार्यालयले दिएको शोक विदा अनुमोदन गर्ने निर्णय भएको ।

२०. भूमिकास्थान नगरपालिकाको नगर प्रमुख स्तरीय निर्णयबाट मिति २०८१ कार्तिक २७ गते एकादशीको दिन दिएको स्थानीय विदालाई अनुमोदन गर्ने निर्णय भएको ।

२१. सडक वोर्ड नेपाल अन्तर्गतको बजेट र नगरपालिकाको म्याचिंग समेतको बजेटबाट कार्यान्वयन हुने गरी भूमिकास्थान नगरपालिकाका तपसिल बमोजिमका आयोजनाहरुमा देहाय बमोजिम बजेट विनियोजन गरी सहमतिको लागि सडक वोर्ड नेपाल, मिनभवन काठमाण्डौमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | विनियोजित बजेट रु. | सडकवोर्ड नेपालले व्यहोर्ने रकम रु. | भूमिकास्थान नगरपालिकाको म्याचिंग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | घाटाखोला- धारापानी- ढाकावांग सडक मर्मत | २९००००० | १७००००० | १२००००० | |
| २ | नुवाकोट- खिल्जी - असुरकोट सडक मर्मत | २८००००० | १६००००० | १२००००० | |
| ३ | नरपानी- ढिकुरा- नुवाकोट सडक मर्मत | २८००००० | १६००००० | १२००००० | |
| | जम्मा | ८५००००० | ४९००००० | ३६००००० | |

२२. प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७९को दफा ७ बमोजिम भूमिकास्थान नगरपालिकाको झिम्रुकखोला/दुर्वाङ्खोला र खाकावेशी खोलाको आ.ब.२०८१/०८२ र २०८२/०८३ को प्रारम्भिक वातावरणीय परीक्षण(IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको ।

२३. भूमिकास्थान नगरपालिकाको विधायन समितिको बैठकको निर्णयबाट स्वीकृतिको लागि सिफारिश भै आएको **टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधी, २०८१** लाई स्वीकृत गर्ने निर्णय भएको ।

२४. भूमिकास्थान नगरपालिकाको विधायन समितिको बैठकको निर्णयबाट स्वीकृतिको लागि सिफारिश भै आएको भूमिकास्थान नगरपालिकाको **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता, २०८१** लाई स्वीकृत गर्ने निर्णय भएको ।

२५. भूमिकास्थान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ को लागि सूचीकृत १८८९ जना वेरोजगारहरुको सूची प्रमाणीकरण गर्ने निर्णय भएको साथै उक्त कार्यक्रमको आर्थिक वर्ष २०८०/०८१ मा संचालित आयोजनामा ढुंगा गिट्टी बालुवाको रोयल्टी बापत बुझाउनु पर्ने बेरुजु रकमको बारेमा बैठकमा जानकारी भएको ।

२६. भूमिकास्थान नगरपालिका भित्रका सडकहरुमा लाग्ने ठूला प्रकृतिका मेलाहरुलाई खुल्ला र सुरक्षित ठाउंमा सुरक्षित ढंगले गर्ने कार्यको व्यवस्थापन गर्ने निर्णय भएको ।

२७. भूमिकास्थान नगरपालिका वडा नं. १ र २ को गिठाखोला तथा वडा नं.५ र ६ मा मौरी पकेट संचालन गर्ने निर्णय भएको ।

२८. भूमिकास्थान नगरपालिका वडा नं. ५ को सतिघाट र वडा नं. १० को रातटारी को बांझो जग्गामा चालु आर्थिक वर्ष २०८१/०८२ देखि नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम संचालन गर्ने निर्णय भएको ।

२९. नवप्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाउन ५ जना सुपरभाईजरहरुको छनौट गर्ने निर्णय भएको ।

CamScanner

३०. भूमिकास्थान नगरपालिका भित्र रहेका सामूदायिक वनहरुलाई नगरपालिकामा सूचीकरणको लागि सूचना प्रकाशन गर्ने निर्णय भएको ।

३१. भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/८० को लागि पन्धौ नगरसभाबाट स्वीकृत विभिन्न विद्यालय मर्मतमा विनियोजित रु. ३० लाख बजेटबाट विभिन्न योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने निर्णय भएको ।

३२. भूमिकास्थान नगरपालिकाको पन्धौ नगरसभाबाट आर्थिक वर्ष २०८१/०८२ को लागि कर्मशिल क्षेत्र सडक पहुँच र सिचाई पूर्वाधारको लागि विनियोजित बजेटबाट विभिन्न योजना तथा कार्यक्रममा बजेट विनियोजन गरिएको ।

३३. भूमिकास्थान नगरपालिकाको पन्धौ नगरसभाबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वास्थ्य संस्था मर्मतको लागि विनियोजित रु. ५००००० बजेटबाट विभिन्न स्वास्थ्य संस्था मर्मत गर्ने निर्णय भएको ।

३४. भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ मा बचत भै अल्या भएको बजेटलाई विभिन्न योजना तथा कार्यक्रममा विनियोजन गरी स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय भएको ।

३५. आर्थिक वर्ष २०८२/०८३ को भूमिकास्थान नगरपालिकाको राजश्व अनुमानको सन्दर्भमा राजश्व परामर्श समितिबाट सिफारिश भै आएको आर्थिक वर्ष २०८०/०८१ को यथार्थ, २०८१/०८२ को संशोधित तथा २०८२/०८३ को अनुमानित आय विवरण स्वीकृत गर्ने निर्णय भएको ।

३६. बेरुजु फछ्यौट सम्वन्धि विषयमा छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट औल्याएका भूमिकास्थान नगरपालिकाको कार्यालयका नियमित गर्नुपर्ने हालसम्मका वेरुजूहरुको सन्दर्भमा भूमिकास्थान नगरपालिकाको लेखा समितिको मिति २०८१/०९/११ गते बसेको बैठकबाट वेरुजू फछ्यौटका लागि निर्णय भएका विवरणहरुलाई फछ्यौटको लागि नगरसभामा सिफारिश गर्ने निर्णय भएको ।

३७. आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने गरि पन्धौ अधिवेशनबाट छनौट भएका योजना तथा कार्यक्रमहरुको शिर्षक/बजेट/योजनाको नामसंशोधन गरि स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय भएको ।

३८. संघीय समपूरक अनुदान लागि आयोजनाहरु छनौट गरी विभिन्न आर्थिक वर्षहरुको लागि बजेट म्याचिंग गर्ने र राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने निर्णय भएको ।

३९. संघीय विशेष अनुदान लागि आयोजनाहरु छनौट गरी विभिन्न आर्थिक वर्षहरुको लागि बजेट विनियोजन गरी राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने निर्णय भएको ।

४०. विपन्न नागरिक दीर्घरोग उपचारको लागि लाभग्राही छनौट गर्ने निर्णय भएको ।

४१. भूमिकास्थान नगरपालिकालाई बालश्रममुक्त नगर घोषणा कार्यक्रम अगाडी बढाउन सबै सरोकारवालाहरु विच अन्तक्रिया र अभिमुखिकरण गरी अभियानात्मक क्रियाकलापहरु संचालन गर्ने निर्णय भएको ।

४२. संघ तथा प्रदेशबाट यस नगरपालिका भित्र संचालन हुने आयोजना तथा कार्यक्रमहरुमा सम्वन्धित कार्यालयहरु मध्ये अधिकांश कार्यालयहरुले वडा तथा नगरसंग समन्वय नगरी कार्यक्रम संचालन गरेको पाईएकोले समन्वयात्मक ढंगबाट मात्र कार्यक्रम संचालन गर्न तत तत् कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय भएको ।

४३. भूमिकास्थान नगरपालिका र सन्धिखर्क नगरपालिकाको सिमानामा पर्ने घाटाखोलाबाट पानी लिफ्टिङ गरी सन्धिखर्क नगरपालिकाको वडा नं. ८ मा खानेपानी योजना संचालन गर्न लागेको भन्ने बुझिएको र उक्त क्षेत्रबाट पानी लिफ्टिङ गर्दा सोही क्षेत्रको पानीबाट सिंचाई गरी कृषि उत्पादन गरीरहेका भूमिकास्थान नगरपालिका वडा नं. ४ का कृषकहरुको खेत सुख्खा हुन गै जग्गा बाँझोमा परिणत हुने भएकोले सो सम्वन्धमा वास्तविकता बुझ्नको लागि सम्वन्धित निकायलाई पत्राचार गरी छलफल अगाडी बढाउने निर्णय भएको ।

४४. सेवाग्राही प्रतिलिपी सिफारिशको लागि सक्कल प्रति सहित सिफारिश माग गर्न आएमा निशुल्क सिफारिश गर्ने र सक्कल प्रति हराएमा वा बिग्रीएको अवस्थामा प्रतिलिपी सिफारिश गर्दा भूमिकास्थान नगरपालिकाको नगरसभाको पन्धौ अधिवेशनबाट स्वीकृत आर्थिक ऐनमा तोकीए बमोजिमको शुल्क लिने गरी सबै वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय भएको ।

४५. भूमिकास्थान नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा विगत देखि भान्से, सरसफाइकर्ता, कार्यालय सहयोगी तथा हलुका सवारी चालक पदमा ज्यालादारीमा काम गरिरहेका कर्मचारीहरुलाई सेवा करारमा नियुक्ति गर्ने निर्णय भएको ।

CamScanner

# अनुसुची ५

गत आ.व.बाट अल्या भै आ.व. २०८१/०८२ मा मौज्दात बजेटको संक्षिप्त आय व्यय विवरण

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | रकम | कैफियत | क.सं. | विवरण | रकम रू. | कैफियत |
| १ | आ.व. २०८१।०८२ को लागि अल्या बजेट | ४५८००००० | | १ | पन्ध्रौ नगरसभाबाट विनियोजित बजेट | २००००००० | |
| २ | | | | २ | आ.व. २०८१।०८२ को भुक्तानी बाँकी रकम बांडफांड | ८००००० | |
| | | | | ३ | नगर स्तरीय योजना तथा कार्यक्रम | २५०००००० | |
| | जम्मा मौज्दात बजेट | ४५८००००० | | | जम्मा व्यय | ४५८००००० | |

आर्थिक वर्ष २०८१/०८२ को लागि बचत अल्या बजेटको स्वीकृत योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण

| क.सं. | विवरण | विनियोजन बजेट रू. |
|---|---|---|
| | पूजीगत तर्फ | |
| १ | नुवाकोट खिल्जी असुरकोट सडक क्रमागत | ५०००००० |
| २ | उपल्लापोखरा भूमेकाथान पिपलनेटा गोखुंगा सडक कालोपत्रे (प्रदेश म्याचिंग) | ६५००००० |
| ३ | अधुरो स्वांस्थ्य भवन निर्माण भूनपा ८ | ३५००००० |
| ४ | दोभान कल्लेरी खानेपानी योजना (म्याचिंग), भूनपा ४ | २५००००० |
| ५ | ठूलाखर्क चौतारा लेवसे राईखन्ने मोटरबाटो निर्माण, भूनपा ३ | ८००००० |
| ६ | ७ नं. वडा कार्यालय कमलपोखरी खानेपानी योजना भूनपा ७ | ८००००० |
| ७ | जनप्रीय मा.वि. संरक्षण, भूनपा ५ | १००००० |
| ८ | चौवाखोला कटकारूख मोटरबाटो निर्माण वडा नं. ८ | १००००० |
| ९ | बन्जरपाटा कुमालडाडा फलढुंगा खानेपानी योजना भूनपा २ | ५००००० |
| १० | हुलाक फिल्ड निर्माण भूनपा ५ | ३५०००० |
| ११ | चुनढुंगा क्षेत्र मन्दिर निर्माण भूनपा ५ | १५०००० |
| १२ | कएनवोट रामकोट लिफ्ट खानेपानी योजना भूनपा ६ | ५००००० |
| १३ | फूलवारी शिवालय मन्दिर, भूनपा १ | ५००००० |
| १४ | तेह्रौ नगरसभाबाट स्वीकृत योजनामा बजेट अपुग भै सम्झौता हुन नसकेका योजनाको लागि थप बजेट | ४००००० |
| १५ | लिसेपानीपधेरा देउराली सारुकटेरा तल्लापाकु सडक निर्माण भूनपा १० | ५००००० |
| १६ | जडिबुटी व्यवस्थापन भूनपा ९ | ५००००० |

CamScanner